नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

## सर्वसाधारणको राय माग गरिएको सूचना

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले **मुलुकी अपराध संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक**को मस्यौदा तयार गरेको छ। विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम उल्लिखित विधेयकको मस्यौदा तथा सो विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको हुँदा सो विधेयकउपर मन्त्रालयद्वारा सञ्चालित सुझाव पोर्टल https://lawfeedback.moljpa.gov.np/ मार्फत् वा संलग्न ढाँचामा lawdrafting@moljpa.gov.np मा इमेल गरी पन्ध्र दिनभित्र आफ्नो राय उपलब्ध गराइदिनुहुन सम्पूर्ण सर्वसाधारणसमक्ष अनुरोध छ।

### विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम
### मुलुकी अपराध संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक
### तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव

**१. कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको विवरण :**

- हाल प्रचलनमा रहेको मुलुकी अपराध संहिता, २०७४ मा निर्दोष सहयोगीमार्फत अपराध गराएको सम्बन्धी कुनै कानुनी व्यवस्था नरहेको हुँदा अब निर्दोष सहयोगी मार्फत कसैले अपराध गराउन कुनै जीवजन्तु, साधन वा कृत्रिम बुद्धिमता जस्ता निर्दोष सहयोगीको प्रयोग गरेको रहेछ भने त्यस्तो व्यक्तिलाई निजले नै अपराध गरेको मानी सजाय गर्ने व्यवस्था थप गर्न,
- हाल पटके कसूर कायम गर्दा साविकमा सजाय भुक्तान गरेपछि पुनः अर्को कसूर गरेमा मात्र पटक कायम हुने व्यवस्था रहेकोमा सो व्यवस्था परिवर्तन गरी एउटा कसूरमा सजाय भएको व्यक्तिले पुनः कसूर गरेमा पटक कायम हुने व्यवस्था गर्न,
- पुरुषले बहुविवाह गरेमा सजाय हुने साविकको व्यवस्थालाई परिमार्जन गरी अब पुरुष वा महिला दुवैले बहुविवाह गर्न नपाउने व्यवस्था गर्न,
- हालको कानुनी व्यवस्थामा Romeo Juliet clause नरहेको हुँदा अब विवाहको उमेर नपुगेको व्यक्तिहरूबीच प्रेम सम्बन्ध रही दुबैको मञ्जुरीमा करणी भएको र निजहरू बीचको उमेरको अन्तर दुई वर्ष वा सो भन्दा कम भएकोमा त्यस्तो कसुर गर्ने व्यक्तिलाई एक वर्षसम्म सजाय हुने व्यवस्था गर्न,
- बालबालिकालाई हुने सजायमा हाल दश वर्ष नपुगेको बालबालिकाले कसूर गरेमा निजलाई कुनै सजाय नहुने व्यवस्था गरिएकोमा सो उमेर बाह्र वर्ष कायम गर्न,
- जबरजस्ती वा हाडनाता करणी वा उमेर नपुगी हुने विवाहको परिणामबाट रहन गएको गर्भ गर्भवती महिलाको ज्यानमा खतरा नपुग्ने देखिएमा निजको मञ्जुरीले जहिलेसुकै गर्भपतन गराउन सक्ने लगायतका व्यवस्था कायम गर्न।

**२. विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभाव :**

- नेपालको संविधानको धारा १८ को उपदफा (१) मा सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने हक रहेकोमा प्रस्तुत विधेयकमा पुरुष वा महिला दुवैले बहुविवाह गर्न नपाउने,
- सजायका प्रकार अन्तर्गत स्थानहदमा राख्ने व्यवस्था थप गर्ने,
- संहितामा कसूर भएपछि पीडित वा पीडितको परिवारलाई कुनै प्रकारको अनुचित दबाब दिने कार्यलाई कसूर कायम गर्ने,
- अन्तर्राष्ट्रिय रुपमा संरक्षित व्यक्ति विरुद्ध हिंसात्मक कार्य गर्न वा गराउन नदिने,

- कुनै व्यक्तिको संवेदनशील अङ्गको दृश्यावलोकन वा छायाँङ्कन गर्न गर्ने कार्यलाई कसूर कायम गर्ने,
- नेपालको संविधानको धारा ३८ को उपधारा (२) मा रहेको प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने व्यवस्थाको सुनिश्चितता हुने,
- नेपालको संविधानको धारा ३९ मा रहेको बालबालिकाको हकको प्रत्याभूति हुने।

**३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभाव :**

हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ बमोजिमका प्रक्रियालाई थप सरलीकृत गर्ने तथा व्यक्तिको मौलिक हक प्रचलनको लागि हाल कायम रहेकै व्यवस्थाबाट संशोधित व्यवस्था कार्यान्वयन गर्न सकिने हुँदा नेपाल सरकारलाई थप आर्थिक भार पर्ने अवस्था नरहेको।

**४. विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोग :**

दिगो विकासका १७ लक्ष्यमध्ये लक्ष्य नं ५ मा उल्लिखित लैङ्गिक समानता हासिल गर्न र सबै महिला तथा बालिकाहरूलाई सशक्त बनाउन तथा लक्ष्य नं १६ मा उल्लिखित दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्न, सबैका लागि न्यायमा पहुँच प्रदान गर्न तथा सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्था निर्माण गर्न प्रस्तुत विधेयकको व्यवस्थाले सहयोग पुग्ने।

**५. विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभावः**

एउटा कसूरमा सजाय भएको व्यक्तिले पुनः कसूर गरेमा पटक कायम हुने व्यवस्था गर्दा फौजदारी न्याय प्रणालीको विकास अनुकूल हुने।

**६. विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोग :**

नभएको।

**७. अन्य आवश्यक विषय :**

**विधेयकमा देहाय बमोजिमका विषय समेत समावेश रहेको :-**

- मुलुकी अपराध संहिताको बहिर्क्षेत्रीय प्रयोग अन्तर्गत भ्रष्टाचार, विमान अपहरण वा नागरिक उड्डयनका सुरक्षा विरुद्धका कसूर, सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी, अन्तर्राष्ट्रिय रूपमा संरक्षित व्यक्ति विरुद्धका हिंसात्मक कसूर, अपहरण, शरीर बन्धक, लागूऔषधको कारोबार लगायतका कसूर नेपाल बाहिर जहाँसुकै गरेको भए तापनि देहायको अवस्थामा त्यस्तो कसूर नेपाल भित्र नै भए वा गरे सरह सजाय गर्ने,
- कसूरको गम्भीरता बढाउने अवस्थामा कुनै पद, ओहोदा, ख्याति वा आर्थिक हैसियतको प्रभाव पारी कसूर गरेको र गर्भवती महिला विरुद्ध कसूर गरेको अवस्था थप गर्ने,
- सजायका प्रकार अन्तर्गत स्थानहदमा राख्ने व्यवस्था थप गर्ने,
- संहितामा कसूर भएपछि पीडित वा पीडितको परिवारलाई कुनै प्रकारको अनुचित दबाब दिने कार्यलाई कसूर कायम गर्ने,

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

- अन्तर्राष्ट्रिय रूपमा संरक्षित व्यक्ति विरुद्ध हिंसात्मक कार्य गर्न वा गराउन नदिने,
- कुनै व्यक्तिको संवेदनशील अङ्गको दृश्यावलोकन वा छायाङ्कन गर्न गर्ने कार्यलाई कसूर कायम गर्ने ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

# मुलुकी अपराध संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना : मुलुकी अपराध संहिता, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस संहिताको नाम "मुलुकी अपराध (पहिलो संशोधन) संहिता, २०८२" रहेको छ।

(२) यो संहिता तुरून्त प्रारम्भ हुनेछ।

२. मुलुकी अपराध संहिता, २०७४ को दफा २ मा संशोधन : मुलुकी अपराध संहिता, २०७४ (यसपछि "मूल संहिता" भनिएको) को दफा २ को,-

(१) उपदफा (१) को खण्ड (ग) मा रहेका "१६७" भन्ने अङ्कको सट्टा "नेपाली नागरिकका विरुद्ध भएको दफा १६७," भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस संहिता वा अन्य प्रचलित कानून बमोजिम भ्रष्टाचार, विमान अपहरण वा नागरिक उड्डयन सुरक्षा विरूद्धका कसूर, सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी, अन्तर्राष्ट्रिय रूपमा संरक्षित व्यक्ति विरूद्धका हिंसात्मक कसूर, अपहरण, शरीर बन्धक, लागू औषधको कारोबार, साइबर अपराध, विद्युतीय माध्यम प्रयोग गरी भएको जुनसुकै अपराध, मानव बेचबिखन तथा ओसारपसार वा अन्य कुनै सङ्गठित अपराध वा यातना सम्बन्धी कसूर उपदफा (२) बमोजिमको अवस्थामा रहेको वायुयान वा जलयानभित्र वा नेपाल बाहिर जहाँसुकै गरेको भए तापनि देहायको अवस्थामा त्यस्तो कसूर नेपाल भित्र नै भए वा गरे सरह यस संहिता वा प्रचलित कानून बमोजिम सजाय हुनेछः-

(क) नेपाली नागरिक वा नेपालमा स्थायी बसोबास गरेको व्यक्तिले कसूर गरेकोमा,

(ख) नेपाल, नेपाली नागरिक वा नेपालमा स्थायी बसोबास गर्ने व्यक्ति वा नेपालको कुनै पनि सङ्गठित संस्था त्यस्तो कसूरबाट पीडित भएमा वा त्यस्ता व्यक्ति वा संस्थाका विरुद्ध कसूर भएमा,

(ग) खण्ड (क) वा (ख) मा उल्लेख भएकोमा बाहेक अन्य कुनै व्यक्तिले त्यस्तो कुनै कसूर गरी नेपालमा प्रवेश गरेको भएमा।"

३. मूल संहिताको दफा ३ मा संशोधन : मूल संहिताको दफा ३ को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः-

"(ग१) "कसूरदार" भन्नाले यो संहिता वा प्रचलित कानून बमोजिमको कसूरमा अदालतबाट दोषी ठहर भएको व्यक्ति सम्झनु पर्छ।"

४. मूल संहितामा दफा १३क. थप : मूल संहिताको दफा १३ पछि देहायको दफा १३क. थपिएको छः-

"१३क. निर्दोष सहयोगीबाट कसूर गराउने व्यक्ति कसूरदार मानिने : कुनै व्यक्तिले निर्दोष सहयोगी (इनोसेन्ट एजेन्ट) बाट कुनै कसूर गराएमा त्यसरी कसूर गराउने व्यक्ति नै कसूरदार मानिनेछ।

स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि "निर्दोष सहयोगी" भन्नाले कसैले कुनै आपराधिक कार्य गर्न गराउन प्रयोग गरेको कुनै व्यक्ति, जीव, जन्तु, पशु, पन्छी, साधन, यन्त्र वा कृत्रिम बुद्धिमत्ता (आर्टिफिसियल इन्टेलिजेन्स) सम्झनु पर्छ।"

५. मूल संहिताको दफा ३१ मा संशोधन : मूल संहिताको दफा ३१ को दफा शीर्षकमा रहेका "सबै सदस्यलाई" भन्ने शब्दहरूको सट्टा "संलग्न सबै व्यक्तिलाई" भन्ने शब्दहरू राखी सोही दफामा रहेका "सो समूहका सबै सदस्यलाई" भन्ने शब्दहरूको सट्टा "संलग्न सबै व्यक्तिलाई" भन्ने शब्दहरू राखिएका छन्।

६. मूल संहिताको दफा ३३ मा संशोधन : मूल संहिताको दफा ३३ को उपदफा (३) मा रहेका "यस संहितामा" भन्ने शब्दहरूको सट्टा "यस संहिता वा अन्य प्रचलित कानूनमा" भन्ने शब्दहरू राखिएका छन्।

७. मूल संहिताको दफा ३४ मा संशोधन : मूल संहिताको दफा ३४ को उपदफा (३) मा रहेका "यस संहितामा अन्यथा व्यवस्था भएकोमा" भन्ने शब्दहरूको सट्टा "यस संहिता वा प्रचलित कानूनमा छुट्टै व्यवस्था भएकोमा" भन्ने शब्दहरू राखिएका छन्।

८. मूल संहिताको दफा ३५ मा संशोधन : मूल संहिताको दफा ३५ को उपदफा (३) मा रहेका "यस संहितामा" भन्ने शब्दहरूको सट्टा "यस संहिता वा अन्य प्रचलित कानूनमा" भन्ने शब्दहरू राखिएका छन्।

९. मूल संहिताको दफा ३७ मा संशोधन : मूल संहिताको दफा ३७ मा रहेका "यस संहितामा" भन्ने शब्दहरूको सट्टा "यस संहिता वा अन्य प्रचलित कानूनमा" भन्ने शब्दहरू राखिएका छन्।

१०. मूल संहिताको दफा ३८ मा संशोधन : मूल संहिताको दफा ३८ को,-

(१) दफा शीर्षक पछि रहेका "यस संहिताको प्रयोजनको लागि" भन्ने शब्दहरू झिकिएका छन्।

(२) खण्ड (ज) मा रहेका "दैवी प्रकोप भएको महामारी फैलिएको," भन्ने शब्दहरूको सट्टा "विपद् परेको वा सङ्क्रामक रोग फैलिई महामारी भएको," भन्ने शब्दहरू राखिएका छन्।

(३) खण्ड (ट) पछि देहायको खण्ड (ट१) थपिएको छः-

"(ट१) कुनै पद, ओहोदा, ख्याति वा आर्थिक हैसियतको प्रभाव पारी कसूर गरेको,"

(४) खण्ड (फ) मा रहेका "वा सङ्गठित" भन्ने शब्दहरू झिकिएका छन्।

(५) खण्ड (ब) पछि देहायको खण्ड (ब१) थपिएको छ :-

"(ब१) गर्भवती महिला विरुद्ध कसूर गरेको,"

११. <u>मूल संहिताको दफा ३९ मा संशोधन</u> : मूल संहिताको दफा ३९ मा रहेका "यस संहिताको प्रयोजनको लागि" भन्ने शब्दहरू झिकिएका छन्।

१२. <u>मूल संहिताको दफा ४० मा संशोधन</u> : मूल संहिताको दफा ४० को उपदफा (१) को,-

(१) खण्ड (ङ) झिकिएको छ।

(२) खण्ड (छ) को अन्त्यमा "वा स्थानहद" भन्ने शब्दहरू थपिएका छन्।

१३. <u>मूल संहिताको दफा ४१ मा संशोधन</u> : मूल संहिताको दफा ४१ को सट्टा देहायको दफा ४१ राखिएको छ :-

"४१. <u>जन्मकैद हुने</u> : (१) यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै कसूर गर्ने कसूरदारलाई जन्मकैदको सजाय गर्दा त्यस्तो कसूरदार जीवित रहेसम्म कैद गर्नु पर्नेछः-

(क) क्रूर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेको,

(ख) वायुयान अपहरण गरी वा वायुयान विष्फोट गरी ज्यान मारेको,

(ग) अपहरण गरी वा शरीरबन्धक लिई ज्यान मारेको,

(घ) सार्वजनिक रूपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेको,

(ङ) आतङ्ककारी कार्य सम्बन्धी कसूर गरी ज्यान मारेको,

(च) कुनै जात, जाति वा सम्प्रदायको अस्तित्व नै विनाश गर्ने गरी जातिहत्या (जेनोसाइड) गरेको वा गर्ने उद्देश्यले कसूर गरेको वा

(छ) जबर्जस्ती करणी गरी ज्यान मारेको।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफामा उल्लिखित कसूरमा खण्डे सजाय गर्नु पर्दा जीवित रहेसम्म हुने कैद बापत तीस वर्षको हिसाबले गणना गरिनेछ।"

१४. <u>मूल संहिताको दफा ४४ मा संशोधन</u> : मूल संहिताको दफा ४४ को सट्टा देहायको दफा ४४ राखिएको छ :-

"४४. <u>थप सजाय हुने</u> : (१) जन्म कैदको सजाय पाएको व्यक्तिले बाहेक जघन्य वा गम्भीर कसूरमा कसूरदार ठहर भएको व्यक्तिले यस्तै अर्को कसूर गरेमा निजले पछिल्लो पटक गरेको कसूरमा हुने सजाय बराबर थप सजाय हुनेछ।

(२) उपदफा (१) बमोजिमको कसूर बाहेक अन्य कसूरमा कसूरदार ठहर भएको व्यक्तिले त्यस्तो कसूर ठहर भएको पाँच वर्षभित्र अर्को कसूर गरेमा निजलाई पछिल्लो पटक गरेको सजायको आधा सजाय थप हुनेछ।"

१५. <u>मूल संहिताको दफा ४५ मा संशोधन</u> : मूल संहिताको दफा ४५ को,-

(१) उपदफा (१) मा रहेका "दश वर्ष" भन्ने शब्दहरूको सट्टा "बाह्र वर्ष" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "दश वर्ष वा दश वर्षभन्दा" भन्ने शब्दहरूको सट्टा "बाह्र वर्ष वा बाह्र वर्षभन्दा" भन्ने शब्दहरू राखी सोही उपदफामा रहेका "कैद सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म" भन्ने शब्दहरू झिकिएका छन्।

(३) उपदफा (३) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर त्यसरी उमेर पुगेको व्यक्तिलाई हुने कैद सजायको आधा सजाय गर्दा पाँच वर्षभन्दा बढी हुने गरी सजाय गरिने छैन।"

(४) उपदफा (४) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर त्यसरी सजाय गर्दा सात वर्षभन्दा बढी हुने गरी सजाय गरिने छैन।"

१६. <u>मूल संहिताको दफा ४६ मा संशोधन</u> : मूल संहिताको दफा ४६ को उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) कैद र जरिबाना दुवै सजाय हुने ठहर भएको कसूरमा जरिबाना बापत कैद सजाय गर्दा त्यस्तो कसूरमा हुन सक्ने कैदको उपल्लो हद भन्दा बढी नहुने गरी कैद गर्नु पर्नेछ।

तर जरिबाना बापत कैद गर्दा दश वर्ष भन्दा बढी कैद गरिने छैन र कैद तथा जरिबाना समेत गरी पच्चीस वर्ष भन्दा बढी कैद हुने छैन।"

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

१७. **<u>मूल संहिताको दफा ४७ मा संशोधन</u>** : मूल संहिताको दफा ४७ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै महिलाले आफूमाथि निरन्तर रुपमा हुँदै आएको गम्भीर शारीरिक, मानसिक वा यौनजन्य हिंसा वा यातनाका कारण मनोवैज्ञानिक त्रासको अवस्था सिर्जना भई कुनै कसूर गरेमा त्यस्तो महिला कसूरदारको स्वास्थ्य परीक्षण प्रतिवेदन र विशेषज्ञको रायका आधारमा निजलाई सो कसूरमा प्रचलित कानूनबमोजिम हुने सजायमा पचास प्रतिशतसम्म छुट दिन सकिनेछ।"

१८. **<u>मूल संहिताको दफा ४८ मा संशोधन</u>** : मूल संहिताको दफा ४८ को,-

(१) उपदफा (१) मा रहेको "अदालतले" भन्ने शब्दपछि "अभियोग लागेको व्यक्तिलाई" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) बमोजिम आदेश भएकोमा त्यस्तो आदेश बमोजिम अभियोग लागेको व्यक्तिले कसूरबाट पीडित व्यक्तिलाई औषधोपचार खर्च वा अन्तरिम क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउनु पर्नेछ।"

(३) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) अभियोग लागेको व्यक्तिले उपदफा (१क) बमोजिम औषधी उपचार खर्च, अन्तरिम क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन नसक्ने अवस्था देखिएमा अदालतले फौजदारी कसूरमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४८ बमोजिम स्थापना भएको पीडित राहत कोषबाट सोही ऐनको दफा ४१ को अधीनमा रही पीडितलाई क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन आदेश दिन सक्नेछ।"

(४) उपदफा (४) मा रहेका "कसूरदारको जुनसुकै जायजेथाबाट" भन्ने शब्दहरूको सट्टा "कसूरदारको अंश लाग्ने वा हक पुग्ने जुनसुकै सम्पत्तिबाट" भन्ने शब्दहरू राखिएका छन्।

(५) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छ :-

(६) उपदफा (५) बमोजिम रकम फिर्ता गर्न आदेश भएकोमा सो आदेश भएको पैंतिस दिनभित्र त्यस्तो रकम पाएको व्यक्तिले त्यस्तो रकम अभियोग लागेको व्यक्तिबाट प्राप्त गरेको भए अभियोग लागेको व्यक्तिलाई र पीडित राहत कोषबाट प्राप्त गरेको भए सो कोषमा फिर्ता गर्नु पर्नेछ।"

(६) उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छ :-

“(७) उपदफा (६) बमोजिमको अवधभित्र त्यस्तो रकम फिर्ता नगरेमा फैसला भएको साठी दिनभित्र त्यस्तो व्यक्तिको अंश लाग्ने वा हक पुग्ने जुनसुकै सम्पत्तिबाट सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ।”

१९. <u>मूल संहितामा दफा ४८क. र ४८ख. थप</u> : मूल संहिताको दफा ४८ पछि देहायका दफा ४८क. र ४८ख. थपिएका छन्:-

“४८क. <u>अनुचित दबाब दिन नहुने</u> : (१) कसूर भएपछि पीडित वा पीडितको परिवारलाई कुनै प्रकारको डर, धाक, धम्की दिई वा करकापमा पारी वा कुनै किसिमको लेनदेन गरी वा नगरी त्यस्तो कसूरमा उजुरी नगर्न, जाहेरी नदिन वा अदालतमा उपस्थित नहुनको लागि दबाब दिन वा कसूर गर्ने व्यक्ति र पीडित वा पीडितको परिवारको सदस्यबीच अनुचित दबाब दिई मेलमिलाप वा मिलापत्र गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिबाना हुनेछ।

(३) उपदफा (१) बमोजिमको कसूर सार्वजनिक पद धारण गरेको व्यक्तिले गरे वा गराएमा निजलाई उपदफा (२) बमोजिम हुने सजायमा थप छ महिना कैद सजाय हुनेछ।

४८ख. <u>कसूर गरी प्राप्त गरेको सम्पत्ति लिन नहुने</u> : (१) कसूर गरी प्राप्त गरेको सम्पत्ति हो भन्ने जानीजानी वा विश्वास हुने कुनै मनासिब कारण भई कसैले कुनै सम्पत्ति लिन, राख्न वा खरीद बिक्री गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।”

२०. <u>मूल संहिताको दफा ४९ मा संशोधन</u> : मूल संहिताको दफा ४९ को उपदफा (१) मा रहेका “राष्ट्रिय एकतामा खलल पार्ने” भन्ने शब्दहरूपछि “,नेपालको संविधान वा लोकतान्त्रिक गणतन्त्रको विरुद्धमा विद्रोह गर्ने, गराउने वा बल प्रयोग गर्ने” भन्ने शब्दहरू राखिएका छन्।

२१. <u>मूल संहितामा दफा ५४क. थप</u> : मूल संहिताको दफा ५४ पछि देहायको दफा ५४क. थपिएको छ:-

“५४क. <u>अन्तर्राष्ट्रिय रूपमा संरक्षित व्यक्ति विरूद्ध हिंसात्मक कार्य गर्न नहुने</u> : (१) कसैले अन्तर्राष्ट्रिय रूपमा संरक्षित व्यक्ति विरुद्ध हिंसात्मक कार्य गर्न वा गराउन हुँदैन।

<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि “अन्तर्राष्ट्रिय रूपमा संरक्षित व्यक्ति” भन्नाले सम्वत् २०३० साल मंसिर २९ गते शुक्रबार तदनुसार १४ डिसेम्बर, १९७३ का दिन संयुक्त राष्ट्र संघीय महासभाबाट पारित भई हस्ताक्षरको लागि खुला भएको कूटनीतिक प्रतिनिधि लगायत अन्तर्राष्ट्रिय रूपमा संरक्षित व्यक्ति विरुद्धका अपराध निवारण तथा

सजायका सम्बन्धमा व्यवस्था भएको महासन्धि (कन्भेन्सन अन दि प्रिभेन्सन एण्ड पनिशमेन्ट अफ क्राईम्स एगेन्स्ट इन्टरनेशनल्ली प्रोटेक्टेड पर्सन्स इन्क्लुडिङ्ग डिप्लोमेटिक एजेन्ट्स) बमोजिम परिभाषित अन्तर्राष्ट्रिय रूपमा संरक्षित व्यक्ति सम्झनु पर्छ।

(२) उपदफा (१) को प्रयोजनका लागि कसैले अन्तर्राष्ट्रिय रूपमा संरक्षित व्यक्ति विरुद्ध देहायको कुनै कार्य गरे वा गराएमा निजले त्यस्ता व्यक्ति विरुद्ध हिंसात्मक कसूर गरेको मानिनेछ :-

(क) नियतपूर्वक ज्यान मारेमा,

(ख) शारीरिक अङ्गभङ्ग वा कुटपिट गरेमा,

(ग) अपहरण गरेमा वा शरीर बन्धक लिएमा,

(घ) कार्यालय वा निजी वासस्थान परिसर वा सवारी साधनमा आक्रमण गरेमा,

(ङ) खण्ड (क), (ख), (ग) वा (घ) बमोजिमको कुनै कसूर गर्ने धम्की दिएमा।

(३) उपदफा (२) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछः-

(क) खण्ड (क) बमोजिमको कसूर भए जन्मकैद,

(ख) खण्ड (ख) बमोजिमको कसूर भए दश वर्षसम्म कैद र एकलाख रूपैयाँसम्म जरिबाना,

(ग) खण्ड (ग) बमोजिमको कसूर भए सात वर्षदेखि दश वर्षसम्म कैद,

तर, अपहरण गरी शरीर बन्धक लिएको भए दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद हुनेछ।

(घ) खण्ड (घ) बमोजिमको कसूर भए पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिबाना,

(ङ) खण्ड (ङ) बमोजिमको कसूर भए तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिबाना।

(४) यस दफा बमोजिमको कसूर भएकोमा त्यस्तो कसूर बापत यस संहिता वा अन्य प्रचलित कानून बमोजिम बढी सजाय हुने अवस्था रहेछ भने सोही बमोजिम सजाय हुनेछ।"

२२. <u>मूल संहिताको दफा ६२ मा संशोधन</u> : मूल संहिताको दफा ६२ को दफा शीर्षक र अन्य ठाउँ ठाउँमा रहेको "सदस्यले" भन्ने शब्दको सट्टा "व्यक्तिले" भन्ने शब्द राखिएको छ।

२३. मूल संहिताको दफा १०६ मा संशोधन : मूल संहिताको दफा १०६ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ:-

"तर कसैको ज्यान जान सक्ने अवस्था रहेछ भने दफा १०४ बमोजिमको सजाय हुनेछ।"

२४. मूल संहितामा दफा ११०क. थप : मूल संहिताको दफा ११० पछि देहायको दफा ११०क. थपिएको छ:-

"११०क. अस्वभाविक मूल्य लिई बिक्री गर्न नहुने : (१) कसैले कुनै वस्तु निजले खरिद गरेको मूल्यभन्दा अस्वभाविक रूपमा बढी मूल्यमा बिक्री गर्न गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिम वस्तु बिक्री गर्ने गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैंयासम्म जरिवाना गरिनेछ र पीडित व्यक्तिलाई पाँच लाख रुपैंयासम्म क्षतिपूर्ति भराइ दिनु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मूल्य अभिवृद्धि कर भुक्तानी हुने गरी मूल्य कायम गरेमा यो दफा लागू हुने छैन।"

२५. मूल संहिताको दफा ११९ र दफा १२० मा संशोधन : मूल संहिताको दफा ११९ र १२० मा दफा शीर्षक ठाउँ ठाउँमा रहेको "वेश्यागमन" भन्ने शब्दको सट्टा "आर्थिक वा अन्य लेनदेनको आधारमा करणी लिनेदिने कार्य" भन्ने शब्दहरू राखिएका छन्।

२६. मूल संहितामा दफा १२१क. थप : मूल संहिताको दफा १२१ पछि देहायको दफा १२१क. थपिएको छ:-

"१२१क. संवेदनशील अङ्गको दृश्यावलोकन वा छायाङ्कन गर्न नहुने : (१) कसैले कुनै व्यक्तिको नियमित दिनचर्याको सिलसिलामा भित्री पोशाक खोल्नु पर्ने अवस्थामा निजको स्वीकृति वा मञ्जुरी बिना त्यस्तो व्यक्तिको कुनै पनि संवेदनशील अङ्गको दृश्यावलोकन (भ्वायर) गर्न वा निजले प्रयोग गर्ने शौचालय, स्नानकक्ष, शयनकक्ष वा पोशाक परिवर्तन कक्ष (चेन्जिङ्ग रुम) मा चियाई दृश्यावलोकन गर्न वा क्यामेरा जडान गरी अन्य कुनै किसिमले निजको कुनै संवेदनशील अङ्गको तस्वीर लिन वा छायाङ्कन गर्न वा गराउन वा गोप्य वार्ताको ध्वनि अङ्कन गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई दुई वर्षसम्म कैद वा बीस हजार रूपैयाँसम्म जरिबाना हुनेछ।

(३) उपदफा (१) बमोजिम लिइएको तस्वीर वा छायाङ्कनको दृश्य देखाई सम्बन्धित व्यक्तिबाट कुनै अनुचित लाभ लिएमा वा त्यस्तो दृश्य तेस्रो पक्षलाई वितरण

वा सञ्चार माध्यमबाट प्रकाशन वा प्रसारण गरे वा गराएमा वा अन्य कुनै तरिकाले सार्वजनिक गरेमा तीन वर्ष सम्म कैद र तीस हजार रूपैयाँसम्म जरिबाना हुनेछ।

(४) कुनै व्यक्तिको स्वीकृति वा मञ्जुरी लिएर संवेदनशील अङ्गको तस्वीर लिएको वा छायाङ्कन गरिएको भए तापनि त्यस्तो तस्वीर वा छायाङ्कन सञ्चार माध्यमबाट प्रकाशन वा प्रसारण गरे वा गराएमा वा अन्य कुनै तरिकाले सार्वजनिक गरेमा एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।"

२७. <u>मूल संहिताको दफा १२७ मा संशोधन</u> : मूल संहिताको दफा १२७ मा रहेका "११८ र" भन्ने शब्दहरूको सट्टा "११८, १२१क. र" भन्ने शब्दहरू राखिएका छन्।

२८. <u>मूल संहिताको दफा १३१ मा संशोधन</u> : मूल संहिताको दफा १३१ को उपदफा (३) मा रहेका "सात वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँसम्म जरिबाना" भन्ने शब्दहरूको सट्टा "पाँच वर्षसम्म कैद र पचास हजार रुपैंयासम्म जरिबाना" भन्ने शब्दहरू राखिएका छन्।

२९. <u>मूल संहिताको दफा १३२ मा संशोधन</u> : मूल संहिताको दफा १३२ को दफा शीर्षक र उपदफा (१) मा रहेको "हातहतियार" भन्ने शब्दपछि "वा खरखजाना" भन्ने शब्दहरू थपिएका छन्।

३०. <u>मूल संहिताको दफा १३३ मा संशोधन</u> : मूल संहिताको दफा १३३ को,-

(१) दफा शीर्षकमा रहेका "हातहतियार खरखजाना" भन्ने शब्दहरूको सट्टा "हातहतियार वा खरखजाना" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा (२) को खण्ड (क) र (ख) मा रहेका "हातहतियार" भन्ने शब्दहरू पछि "वा खरखजाना" भन्ने शब्दहरू थपिएका छन् ।

(३) उपदफा (३) मा रहेका "हातहतियार तथा खरखजाना" भन्ने शब्दहरूको सट्टा "हातहतियार वा खरखजाना" भन्ने शब्दहरू राखिएका छन्।

३१. <u>मूल संहिताको दफा १३८ मा संशोधन</u> : मूल संहिताको दफा १३८ को,-

(१) उपदफा (१) को स्पष्टीकरणको खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "विष्फोटक पदार्थ" भन्नाले आई. इ. डी., आर. डी. एक्स., टि. एन. टि., पी. इ. टि. एन., डाईनामाईड, जिलेटिन, टी. एन. सी., नाईट्रोग्लिसिरिन, नाईट्रोसेलुलोज (गनकटन), नाईट्रोमिथेन, एच. एम. एक्स., टेट्राईल, एन्फो, पिकरिक एसिड, लिड अजाईड, मर्करी फल्मिनेट जस्ता विष्फोटन हुन सक्ने, गराउन सकिने वा विष्फोटन भई क्षति पुऱ्याउने कुनै पनि पदार्थ वा अन्य

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

कुनै धातुको फल्मिनेट, ब्लास्टिङ्ग क्याप, डेट कर्ड, बुस्टर, बारुद (ब्लाक पाउडर/गन पाउडडर), पाईरोडेक्स, फोटोफ्लास पाउडर, सेफ्टी फ्यूज, आतसबाजी, पटाका र सोही प्रकृतिको विष्फोटन हुने अन्य कुनै पनि कडा वा नरम प्रकृतिको विष्फोटक पदार्थ वा विष्फोटक पदार्थहरूको मिश्रण सम्झनु पर्छ र सो शब्दले बम र विष्फोटक पदार्थ बनाउन प्रयोग हुने कुनै पनि पदार्थ, उपकरण, मेसिन, सामग्री र संयन्त्र तथा नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको कुनै पदार्थलाई समेत जनाउँछ।"

(२) उपदफा (२) को स्पष्टीकरणको खण्ड (१) र (२) को सट्टा देहायका खण्ड (१) र (२) राखिएका छन् :-

"(१) "कडा विष्फोटक (हाई एक्सप्लोसिभ) पदार्थ भन्नाले" आर. डी. एक्स., टि. एन. टि., पी. इ. टि. एन., डाईनामाईड, जिलेटिन, टी. एन. सी., नाईट्रोग्लिसिरिन, नाईट्रोमिथेन, एच. एम. एक्स., टेट्राईल, एन्फो, पिकरिक एसिड, लिड अजाईड, मर्करी फल्मिनेट वा अन्य कुनै धातुको फल्मिनेट, ब्लास्टिङ्ग क्याप, डेट कर्ड, बुस्टर वा उच्चकोटीको विष्फोटक पदार्थहरूको मिश्रण वा उच्चकोटीको विष्फोटक पदार्थहरू प्रयोग गरी बनाइएको आ. ई. डी. र त्यस्तै प्रकृतिको अन्य विष्फोटक पदार्थ सम्झनु पर्छ।

(२) "नरम विष्फोटक (लो एक्सफ्लोसिभ) पदार्थ" भन्नाले नाईट्रोसेलुसन (गनकटन), वारुद (ब्लाक पाउडर/गनपाउडर), पाईरोडेक्स, फोटोफ्लास पाउडर, सेफ्टी फ्यूज, प्रोपेलेंट, निम्नकोटीको विष्फोटक पदार्थहरूको मिश्रण वा निम्नकोटीको विष्फोटक पदार्थहरू प्रयोग गरी बनाइएको आ. ई. डी. र त्यस्तै प्रकृतिको अन्य विष्फोटक पदार्थ सम्झनु पर्छ।"

३२. <u>मूल संहिताको दफा १६८ मा संशोधन</u> : मूल संहिताको दफा १६८ को उपदफा (४) मा रहेका "तीन महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना" भन्ने शब्दहरूको सट्टा "छ महिनासम्म कैद वा छ हजार रूपैयाँसम्म जरिवाना" भन्ने शब्दहरू राखिएका छन्।

३३. <u>मूल संहिताको दफा १७० मा संशोधन</u> : मूल संहिताको दफा १७० को उपदफा (२) मा रहेका "छ महिना" भन्ने शब्दहरूको सट्टा "एक वर्ष" भन्ने शब्दहरू राखिएका छन्।

३४. <u>मूल संहिताको दफा १७२ मा संशोधन</u> : मूल संहिताको दफा १७२ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (१) बमोजिमको विवाह जानीजानी भएको रहेछ भने त्यस्तो विवाह गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैंयासम्म जरिबाना र विवाह गराउनेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैंयासम्म जरिबाना हुनेछ र त्यस्तो विवाह स्वतः बदर हुनेछ।"

३५. <u>मूल संहिताको दफा १७३ मा संशोधन</u> : मूल संहिताको दफा १७३ को सट्टा देहायको दफा १७३ राखिएको छ :-

"१७३. <u>उमेर नपुगी विवाह गर्न नहुने</u> : (१) विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) विपरीत विवाह गर्ने वा गराउने व्यक्तिलाई देहायबमोजिम सजाय हुनेछ :-

(क) अठार वर्षभन्दा कम उमेरका व्यक्तिको विवाह गरे वा गराएमा तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिबाना,

(ख) अठार वर्षभन्दा माथि बीस वर्षभन्दा कम उमेरका व्यक्तिको विवाह गरे वा गराएमा पच्चिस हजार रुपैयाँ देखि पचास हजार रूपैयाँसम्म जरिबाना।

(३) उपदफा (२) को खण्ड (क) बमोजिम सजाय भएमा त्यस्तो विवाह स्वतः बदर हुनेछ।

(४) उपदफा (२) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि अठार वर्षभन्दा माथि बीस वर्षभन्दा कम उमेर भएका व्यक्तिले आपसी मञ्जुरीमा विवाह गरेकोमा त्यस्ता व्यक्ति बीस वर्ष उमेर पूरा नभएसम्म अलग अलग बस्न मञ्जुर भई सम्बन्धित अनुसन्धान अधिकारीसमक्ष निवेदन दिएमा अनुसन्धान अधिकारीको प्रतिवेदनका आधारमा सरकारी वकीलले मुद्दा नचलाउने निर्णय गर्न सक्नेछ।

तर त्यस्तो निवेदन विपरीत वैवाहिक सम्बन्ध कायम राखेमा मुद्दा दायर गर्न बाधा पर्ने छैन।"

३६. <u>मूल संहिताको दफा १७५ मा संशोधन</u> : मूल संहिताको दफा १७५ को,-

(१) उपदफा (१) मा रहेका "विवाहित पुरूषले" भन्ने शब्दहरूको सट्टा "कुनै पनि विवाहित व्यक्तिले" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) कुनै व्यक्ति विवाहित हो भन्ने जानीजानी त्यस्तो व्यक्तिसँग कसैले विवाह गर्नु हुँदैन ।"

३७. <u>मूल संहिताको दफा १७७ मा संशोधन</u> : मूल संहिताको दफा १७७ को उपदफा (१) को स्पष्टीकरणको सट्टा देहायको स्पष्टीकरण राखिएको छ :-

"<u>स्पष्टीकरण</u> : यस परिच्छेदको प्रयोजनको लागि "ज्यान मारेको" भन्नाले कसैले कसैलाई निजको ज्यान मर्न सक्ने गरी शारीरिक चोट वा क्षति पुऱ्याएकोमा तत्कालै ज्यान नमरी सोही चोटको परिणाम स्वरुप निरन्तर थलिएर ज्यान मरेमा पनि सोही व्यक्तिले ज्यान मारेको मानिनेछ।"

३८. <u>मूल संहिताको दफा १८४ मा संशोधन</u> : मूल संहिताको दफा १८४ को उपदफा (३) मा रहेका "सात वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँसम्म जरिबाना" भन्ने शब्दहरूको सट्टा "पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिबाना" भन्ने शब्दहरू राखिएका छन्।

३९. <u>मूल संहिताको दफा १८५ मा संशोधन</u> : मूल संहिताको दफा १८५ को सट्टा देहायको दफा १८५ राखिएको छः-

"१८५. <u>आत्महत्या गर्न दुरुत्साहन दिन नहुने</u> : (१) कसैले कसैलाई आत्महत्या गर्न दुरूत्साहन दिन हुँदैन।

<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि "आत्महत्या गर्न दुरुत्साहन" भन्नाले कसैले कसैलाई आत्महत्या गर्नु पर्ने परिस्थिति उत्पन्न हुने गरी उक्साउने वा बाध्यात्मक अवस्थाको सृजना गर्ने कार्य सम्झनु पर्छ।

तर कानूनी कर्तव्यको पालना गरेको विषयलाई लिएर कसैले आत्महत्या गरेमा सो कार्यलाई यस दफा बमोजिम आत्महत्या गर्न दुरुत्साहन दिएको मानिने छैन।

(२) कसैले परस्पर सहमतिमा सामूहिक रुपमा आत्महत्या गर्ने वा एकले अर्कालाई मार्ने कार्य गर्न वा गराउन हुँदैन।

(३) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिबाना हुनेछ।

(४) उपदफा (२) बमोजिम कसैको ज्यान गएको रहेछ भने त्यस्तो कसूर गर्ने व्यक्तिलाई पाँच वर्षदेखि दश वर्षसम्म कैद सजाय हुनेछ।"

४०. <u>मूल संहिताको दफा १८९ मा संशोधन</u> : मूल संहिताको दफा १८९ को,-

(१) खण्ड (ख) मा रहेका "मञ्जुरीले गर्भपतन गराएकोमा" भन्ने शब्दहरूको सट्टा "मञ्जुरीले जहिलेसुकै गर्भपतन गराएकोमा" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) जबरजस्ती वा हाडनाता करणी वा उमेर नपुगी हुने विवाहको परिणामबाट रहन गएको गर्भ गर्भवती महिलाको ज्यानमा खतरा नपुग्ने देखिएमा निजको मञ्जुरीले जहिलेसुकै गर्भपतन गराएकोमा,"

(३) खण्ड (घ) मा रहेका "भएकी महिलाको" भन्ने शब्दहरू पछि "ज्यानमा खतरा नपुग्ने देखिएमा निजको मञ्जुरीले जहिलेसुकै" भन्ने शब्दहरू राखिएका छन्।

४१. मूल संहिताको दफा १९२ मा संशोधन : मूल संहिताको दफा १९२ को,-

(१) उपदफा (२) को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) मा लेखिएदेखि बाहेक कसैको मेरुदण्ड, डँडाल्नु, करङ्ग, हात, खुट्टा वा अन्य कुनै मानव अङ्गले स्वभाविक रूपमा गर्नुपर्ने आफ्नो काम गर्न वा अन्य पेशागत काम गर्न नसक्ने गरी काटी, भाँची, फोरी, झिकी, जलाई, फुकाली वा अन्य कुनै किसिमले बेकम्मा पारिदिएमा,"

(२) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः-

"(४क) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले कसैलाई कुटपिट गर्दा उपदफा (२) को खण्ड (च) बमोजिमको परिणाम भएमा वा कसैको दुवै आँखा फोरी दृष्टिविहीन बनाइदिएमा वा महिलाको दुवै स्तन काटी बेकम्मा पारिदिएमा पन्ध्र वर्षसम्म कैद र एक लाख पचास हजार रूपैयाँसम्म जरिबाना हुनेछ।"

४२. मूल संहिताको दफा २११ मा संशोधन : मूल संहिताको दफा २११ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षदेखि पाँच वर्षसम्म कैद र तीस हजारदेखि पचास हजार रूपैयाँसम्म जरिबाना हुनेछ।"

४३. मूल संहिताको दफा २१२ मा संशोधन : मूल संहिताको दफा २१२ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षदेखि पाँच वर्षसम्म कैद र तीस हजारदेखि पचास हजार रूपैयाँसम्म जरिबाना हुनेछ।"

४४. मूल संहिताको दफा २१३ मा संशोधन : मूल संहिताको दफा २१३ को सट्टा देहायको दफा २१३ राखिएको छः-

"२१३. **अपहरण वा शरीर बन्धक लिएमा हुने सजायः** कसैले ज्यान लिने, कुटपिट गरी चोट पुऱ्याउने, जवर्जस्ती करणी वा अप्राकृतिक मैथुन गर्ने, मानिस बिक्री गर्ने वा दास बनाउने वा इच्छा विरुद्ध जवर्जस्ती काममा लगाउने, वेश्यावृत्तिमा लगाउने, यातना दिने, कुनै काम गर्न वा गराउन बाध्य गराउने, फिरौती रकम लिने वा प्रचलित कानून बमोजिम कसूर हुने अन्य कुनै काम गर्न लगाउने उद्देश्यले दफा २११ वा २१२ बमोजिमको काम गरे वा गराएको भए सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजारदेखि एक लाख रूपैयाँसम्म जरिबाना हुनेछ।"

४५. **मूल संहिताको दफा २१४ मा संशोधन** : मूल संहिताको दफा २१४ को,-

(१) दफा शीर्षकमा रहेका "थप सजाय हुने" भन्ने शब्दहरूको सट्टा "अपहरण गरी शरीर बन्धक लिएमा हुने सजाय" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा (३) मा रहेका "सङ्गठित रूपमा" भन्ने शब्दहरूको सट्टा "तीन वा तीनभन्दा बढी व्यक्तिहरू मिली" भन्ने शब्दहरू राखिएका छन्।

४६. **मूल संहितामा दफा २१६क.थप** : मूल संहिताको दफा २१६ पछि देहायको दफा २१६क. थपिएको छः-

"२१६क. **फिरौती, लाभ वा सुविधा फिर्ता गराई दिनु पर्ने** : यस परिच्छेद अन्तर्गतको कसूर गर्ने वा गराउने व्यक्तिले पीडितबाट कुनै किसिमको फिरौती, लाभ वा सुविधा लिएको रहेछ भने त्यस्तो मुक्ति रकम, लाभ वा सुविधा पीडितलाई वा निजको मृत्यु भएकोमा निजको हकवालालाई फिर्ता गराई दिनु पर्नेछ।"

४७. **मूल संहिताको दफा २१९ मा संशोधन** : मूल संहिताको दफा २१९ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबरजस्ती करणी गरेको मानिनेछ।

**स्पष्टीकरण** : यस परिच्छेदको प्रयोजनको लागि,–

(क) करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिई लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन,

(ख) होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन,

(ग) गुदद्वार वा मुखमा लिङ्ग पसाएमा, गुदद्वार, मुख वा योनीमा लिङ्ग केही मात्र पसेको भएमा, लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि जवर्जस्ती करणी गरेको मानिनेछ।"

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) कसैले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिलाई वा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिका बिच निजको मञ्जुरी नलिई करणी गरेमा जबरजस्ती करणी गरेको मानिनेछ।"

(३) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :

"(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विवाहको उमेर नपुगेको व्यक्तिहरूबीच प्रेम सम्बन्ध रही दुबैको मञ्जुरीमा करणी भएको र निजहरू बीचको उमेरको अन्तर दुई वर्ष वा सो भन्दा कम भएकोमा त्यस्तो कसुर गर्ने व्यक्तिलाई एक वर्षसम्म सजाय हुनेछ।"

(४) उपदफा (५) झिकिएको छ।

(५) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छ :-

"(७) सामूहिक रूपमा जबरजस्ती करणी गरेमा प्रत्येक कसूरदारलाई उपदफा (३) मा लेखिएको सजायमा थप पाँच वर्षसम्म कैद सजाय हुनेछ।"

(६) उपदफा (७) पछि देहायको उपदफा (७क) थपिएको छ :-

"(७क) छ महिनाभन्दा बढीको गर्भवती, पूर्ण अशक्त वा अति अशक्त अपाङ्गता भएको वा शारीरिक वा मानसिक रूपमा अस्वस्थ व्यक्तिलाई वा हातहतियार देखाई जबरजस्ती करणी गरेमा उपदफा (३) मा लेखिएको सजायमा थप पाँच वर्षसम्म कैद सजाय हुनेछ।

तर पूर्ण अशक्त अपाङ्गता भएकी महिला भएमा उपदफा (३) को खण्ड (क) बमोजिमको सजाय हुनेछ।"

(७) उपदफा (८) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर जन्म कैदको सजाय हुनेमा थप सजाय हुने छैन।"

४८. <u>मूल संहितामा दफा २१९क. थप</u> : मूल संहिताको दफा २१९ पछि देहायको दफा २१९क. थपिएको छः-

"२१९क. <u>वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा जबरजस्ती करणी गर्न नहुने</u> : (१) दफा २१९ मा जुनसुकै कुरा लेखिएको भए तापनि वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा पतिले पत्नीलाई जबरजस्ती करणी गरेमा तीन वर्षदेखि पाँच वर्षसम्म कैद हुनेछ।

तर देहायको अवस्थालाई पति पत्नीबीच वैवाहिक सम्बन्ध कायम रहेको मानिने छैनः-

(क) मानो छुट्टिई अंश मुद्दा चलेको,

(ख) अंश लिई छुट्टै बसेको,

(ग) सम्बन्ध विच्छेद मुद्दा चलेको।

(२) उपदफा (१) बमोजिमको अवस्थामा पीडितको निवेदन मागबमोजिम आवश्यक भएमा अदालतले देहाय बमोजिमको आदेश गर्न सक्नेछः-

(क) पीडितलाई निज बसी आएको घरमा नै बसोवास गर्न दिन, पीडितलाई खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न लगाउन,

(ख) पीडितलाई आवश्यक उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन लगाउन,

(ग) दुवैलाई एकै ठाउँमा बसोवास गर्न उपयुक्त हुने नदेखिएमा पतिलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी अलग बस्दा पीडितको भरणपोषणको लागि आवश्यक व्यवस्था गर्न लगाउन,

(घ) पीडितलाई कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न र पत्नीको हित र सुरक्षाको निमित्त आवश्यक र उपयुक्त कुरा गर्न।"

४९. मूल संहिताको दफा २२४ मा संशोधन : मूल संहिताको दफा २२४ को उपदफा (२) मा रहेका "आफ्नो पति वा पत्नी बाहेक अन्य व्यक्तिलाई" भन्ने शब्दहरूको सट्टा "कसैलाई" भन्ने शब्द राखिएको छ।

५०. मूल संहितामा दफा २२७ख. थप : मूल संहिताको दफा २२७क. पछि देहायको दफा २२७ख. थपिएको छ :

"२२७ख. नैतिक पतन देखिने फौजदारी कसूर मानिने : जबर्जस्ती करणीको कसूरमा कसूरदार ठहरेको व्यक्तिले नैतिक पतन देखिने फौजदारी कसूर गरेको मानिनेछ।"

५१. मूल संहिताको दफा २२८ मा संशोधन : मूल संहिताको दफा २२८ को सट्टा देहायको दफा २२८ राखिएको छः-

"२२८. क्षतिपूर्ति भराई दिनु पर्ने : (१) दफा २२० र २२७ अन्तर्गतको कसूर बाहेक यस परिच्छेद बमोजिमको अन्य कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा पीडितलाई क्षतिपूर्ति समेत भराई दिनु पर्नेछ।

(२) देहायबमोजिम सजाय भएको कसूरदारबाट देहायबमोजिम क्षतिपूर्ति भराई दिनु पर्नेछः-

(क) दफा २१९ को उपदफा (३क) को खण्ड (क) बमोजिम सजाय भएमा सातलाख रूपैयाँसम्म,

(ख) दफा २१९ को उपदफा (३क) को खण्ड (ख) बमोजिम सजाय भएमा पाँच लाख रूपैयाँसम्म,

(ग) दफा २१९ को उपदफा (३क) को खण्ड (ग) को बमोजिम सजाय भएमा तीनलाख लाख रूपैयाँ,

(घ) खण्ड (क), (ख), (ग) र (घ) मा लेखिएबाहेक यस परिच्छेद बमोजिम अन्य सजाय भएकोमा अदालतले कसूरदारको आर्थिक अवस्था र पीडितलाई पुगेको हानिलाई समेत विचार गरी दुई लाख रूपैयाँसम्म।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस परिच्छेद बमोजिमको कसूरको उद्योगमा सजाय भएमा कसूरदारबाट उपदफा (२) बमोजिमको रकमको आधा रकम क्षतिपूर्ति भराइदिनु पर्नेछ।

(४) कसूरदारको कुनै सम्पत्ति नभएको कारण पीडितले क्षतिपूर्ति नपाउने अवस्था भएमा त्यस्तो पीडितलाई पीडित राहत कोषबाट फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४१ को अधीनमा रही क्षतिपूर्ति भराई दिनु पर्नेछ।"

५२. मूल संहिताको दफा २२९ मा संशोधन : मूल संहिताको दफा २२९ को,-

(१) उपदफा (२) मा रहेका "दफा २१९," भन्ने शब्दहरु पछि "२१९क.," भन्ने शब्द थपिएको छ।

(२) उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थपिएका छन् :

"(३) पीडितले बेहोसी अवस्थामा रहेको वा यस्तै अन्य कुनै अवरोधका कारण उपदफा (२) मा लेखिएको मितिभित्र उजुरी दिन नसकेको कारण खुलाई सम्बन्धित अदालतमा उजुरी दर्ताको आदेशका लागि निवेदन दिन सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिम निवेदनको व्यहोरा मनासिव देखिएमा अदालतले त्यस्तो उजुरी दर्ताका लागि आदेश दिन सक्नेछ।"

५३. मूल संहिताको दफा २३५ मा संशोधन : मूल संहिताको दफा २३५ को उपदफा (२) को खण्ड (क) मा रहेका "ज्यान मारेको सरह" भन्ने शब्दहरूको सट्टा "जन्म कैद" भन्ने शब्दहरू राखिएका छन्।

५४. मूल संहिताको दफा २४४ मा संशोधन : मूल संहिताको दफा २४४ को उपदफा (२) को खण्ड (घ) मा रहेका "चोरी गरेमा" भन्ने शब्दहरूको सट्टा "जोरजुलुम गरी चोरी गरेमा" भन्ने शब्दहरू राखिएका छन्।

५५. मूल संहितामा दफा २४५क. थप : मूल संहिताको दफा २४५ पछि देहायको दफा २४५क. थपिएको छ :-

"२४५क. <u>चोरी गरेको वस्तु वा सम्पत्ति धनीलाई फिर्ता गर्नु पर्ने</u> : चोरी सम्बन्धी कसूरमा बरामद भएको चोरी गरेको वस्तु वा सम्पत्ति धनी पत्ता लागेमा सोको विवरण र मूल्य समेत खुलाई त्यस्तो चोरीको सम्पत्ति तत्काल सम्बन्धित धनीलाई फिर्ता गर्नु पर्नेछ।"

५६. <u>मूल संहिताको दफा २४६ मा संशोधन</u> : मूल संहिताको दफा २४६ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "तर दश हजार रूपैयाँ नगद वा दश हजार रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "तर पचास हजार रूपैयाँ नगद वा पचास हजार रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन्।

५७. <u>मूल संहिताको दफा २४६क. मा संशोधन</u> : मूल संहिताको दफा २४६क. को सट्टा देहायको दफा २४६क. राखिएको छ :-

"२४६क. <u>थप सजाय हुने</u> : कानून बमोजिम आवश्यक वस्तु मानिने कुनै वस्तु वा सम्पत्ति चोरी गर्ने वा चोरी गरी प्राप्त गरेको त्यस्तो वस्तु वा सम्पत्ति जानीजानी किन्ने वा बेच्ने कार्य गर्ने व्यक्तिलाई यस परिच्छेद बमोजिमको कसूरमा हुने सजायमा थप एक वर्ष कैद वा दश हजार रुपैंयासम्म जरिबाना वा दुबै सजाय हुनेछ ।

५८. <u>मूल संहिताको दफा २४९ मा संशोधन</u> : मूल संहिताको दफा २४९ को उपदफा (३) को खण्ड (क), (ख) र (ग) मा रहेका "कैद र" भन्ने शब्दहरू पछि "बिगो खुलेकोमा बिगोको पच्चिस प्रतिशत र नखुलेकोमा" भन्ने शब्दहरू थपिएका छन्।

५९. <u>मूल संहिताको दफा २५३ मा संशोधन</u> : मूल संहिताको दफा २५३ को उपदफा (३) को खण्ड (ख) मा रहेका "तीन वर्षसम्म कैद र तीस हजार रुपैंयासम्म" भन्ने शब्दहरूको सट्टा "चार वर्षसम्म कैद र चालिस हजार रुपैंयासम्म" भन्ने शब्दहरू राखिएका छन्।

६०. <u>मूल संहिताको दफा २५६ मा संशोधन</u> : मूल संहिताको दफा २५६ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) यस परिच्छेद बमोजिम कसूरदारले कीर्ते कार्य गर्न वा बनाउन प्रयोग गरेका औजार, साधन, उपकरण र बनाएका सबै चिज वस्तुहरू जफत गरिनेछ।"

६१. <u>मूल संहितामा दफा २७८क. थप</u> : मूल संहिताको दफा २७८ पछि देहायको दफा २७८क. थपिएको छ :-

"२७८क. <u>करकापमा पारी लिखत गर्न वा गराउन नहुने</u> : (१) कसैले कसैलाई करकापमा पारी कुनै पनि व्यहोराको लिखत गर्न वा गराउन हुँदैन।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउनेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयासम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(३) करकापसँग गराएको लिखत प्रारम्भदेखि नै शून्य हुनेछ।"

६२. मूल संहिताको दफा २८३ मा संशोधन : मूल संहिताको दफा २८३ मा रहेका "सार्वजनिक लिखत कीर्ते गरेकोमा" भन्ने शब्दहरू पछि "जहिलेसुकै र अन्य लिखत कीर्ते गरेकोमा" भन्ने शब्दहरू राखिएका छन्।

६३. खारेजी : मूल संहिताको दफा २२५ र २८७ खारेज गरिएको छ।